नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
काठमाडौं

प.स.: ०७३/०७४
च.नं.: ८६५

मिति: २०७३।१२।३०

श्रीमान् सचिवज्यू,
स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौं ।

विषयः सर्लाहीमा देखिएको कालाजार प्रकोप सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा सर्लाही जिल्लामा हालै देखिएको कालाजार रोगको प्रकोप सम्बन्धमा हालसम्मको अवस्था निम्नानुसार रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिल:

१. जिल्ला जनस्वास्थ्य कार्यालय, सर्लाहीबाट जिल्लाको इश्वरपुर नगरपालिका वडा नं. ०२, हरिनगर, राइटरखोर टोलमा कालाजार रोगका शंकास्पद् विरामी देखिएको जानकारी यस महाशाखालाई मिति २०७३।१२।२४ मा प्राप्त भएको ।

२. मिति २०७३।१२।२५ मा जिल्ला जनस्वास्थ्य कार्यालय, सर्लाहीबाट खटिएको टोलीले ६ जना कालाजार रोगको विरामी पत्ता लगाएको ।

३. मिति २०७३।१२।२५ मा यस महाशाखाका बरिष्ठ स्वास्थ्य प्रशासक डा. विवेककुमार लालको नेतृत्वमा विश्व स्वास्थ्य संगठन (WHO) सहितको टोली प्रकोप नियन्त्रण, अनुसन्धान तथा रोकथामका लागि आवश्यक औषधी सहित प्रभावित स्थलतर्फ परिचालित भएको ।

४. मिति २०७३।१२।२६ मा यस महाशाखा, WHO र KalaCore, वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (BPKIHS) को संयुक्त टोलीद्वारा ९७ जना विरामीको जाँच गर्दा ११ जनाको कालाजार भएको rK39 टेष्ट किट तथा शारिरीक परीक्षण (Clinical Examination) द्वारा पुष्टी भएको र थप ३ जना कालाजार रोगका शंकास्पद विरामी भेटिएका ।

५. यस महाशाखाबाट खटिएको टोलीले खोज पड्ताल गर्दा सो स्थानमा कालाजार सार्ने भुसुना (Sandfly) समेत भेटिएकोले कालाजार सार्ने Vector समेत रहेको प्रमाणित भएको ।

६. सोही दिन ती १४ जना विरामीहरुलाई थप अनुसन्धान र आवश्यक उपचारका लागि जिल्ला अस्पताल, मलंगवा लगी उपचार शुरु गरिएको ।

७. हालसम्म १० जनाको Liposomal Amphotericin B द्वारा उपचार गरिएको र एक जनाको रक्त अल्पता (Anaemia) भएको कारणले रगत दिई (Blood Transfusion) पश्चात उपचार गर्ने योजना रहेको ।

८. शंकास्पद कालाजारका ३ जना विरामीहरुमध्ये एक जना विरामीको मिति २०७३।१२।२८ मा उपचारको क्रममा जिल्ला अस्पताल, सर्लाही, मलंगवामा मृत्यु भएको ।

९. सो व्यक्तिको मृत्युको संभाव्य कारण कालाजार नभई फोक्सोको क्षयरोग तथा कुपोषण (Respiratory Failure Secondary to Pulmonary Tuberculosis and Malnutrition) रहेको व्यहोरा चिकित्सक तथा परिचालित टोलीद्वारा जानकारी गराइएको ।

निर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

काठमाडौं

प.सं.:
च.नं.:

१०. प्रभावित क्षेत्रमा सात वटा मुसहरहरुका घर रहेको र जम्मा ४२ जना जनसंख्या रहेको, जसको मुख्य व्यवसाय दैनिक ज्यालादारी तथा सामूदायिक गोठालो रहेको ।

११. प्रभावित क्षेत्र (मुसहर वस्ती) मा गत तीन वर्षभित्र २०७१ मा ४ जना, २०७२ मा ३ जना, २०७३ मा ३ जना गरी जम्मा १० जनाको मृत्यु भएको; मृतकका आफन्तहरुसँग विस्तृत रुपमा बुझ्दा (Verbal Autopsy) ती १० जनाको मृत्यु संभाव्य कालाजारकै कारणले भएको अनुमान गरिएको ।

१२. मिति २०७३।१२।२६ मा परिचालित टोलीद्वारा जिल्ला जनस्वास्थ्य कार्यालय सर्लाही अन्तर्गतका ४१ जना स्वास्थ्यकर्मीहरुलाई कालाजार रोगको पहिचान, खोजपड्ताल तथा व्यवस्थापन (Health Care Provider Orientation on Kala-Azar Outbreak Investigation, Response and Management) सम्बन्धी अभिमुखीकरण तालिम दिइएको ।

१३. मिति २०७३।१२।२७ मा उक्त टोलीद्वारा जिल्ला जनस्वास्थ्य कार्यालय सर्लाही अन्तर्गतका द्रूत सम्बोधन टोली (Rapid Response Team) का २४ जना स्वास्थ्यकर्मीहरुलाई कालाजार रोगको पहिचान, खोजपड्ताल तथा व्यवस्थापन सम्बन्धी तालिम दिइएको ।

१४. आज चैत्र ३० गते सोही टोलीद्वारा ईश्वरपुर न.पा. का २७ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कालाजारको पहिचान तथा प्रेषण (IEC/BCC for Kala-azar and PKDL Identification, Referral at Community Level) विषयमा अभिमुखीकरण तालिम दिइएको ।

१५. कालाजार रोकथामका लागि विषादी छिड्काउ यथाशीघ्र गर्ने तय भएको र सो को लागि आवश्यक कार्यक्रम, बजेट तथा विषादीको समेत व्यवस्था भइसकेको ।

१६. सर्लाही जिल्लामा आ.व.२०७२/७३ मा १६ जना कालाजार रोगी (१० जना रैथाने र ३ जना आयातीत) पहिचान भएको, जसमध्ये कोही पनि उक्त प्रभावित क्षेत्र (ईश्वरपुर न.पा. वडा नं.२)को वासिन्दा नरहेको ।

१७. सर्लाही जिल्लामा आ.व. २०७३।७४ श्रावणदेखि हालसम्म जम्मा १६ जना कालाजारको विरामी प्रमाणित भएको, जसमध्ये ११ जना ईश्वरपुर न.पा वडा नं. २, हरिनगर, राइटरखोरका रहेका र बाँकी ५ जना अन्य स्थानका रहेका ।

हाल अवस्था सामान्य रहेको तथा यस महाशाखाले अवस्थाको निरन्तर रुपमा समन्वय, अनुगमन तथा निगरानी गरिरहेको ।

**बोधार्थ:**

माननीय मन्त्रीज्यू, स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
माननीय राज्य मन्त्रीज्यू, स्वास्थ्य मन्त्रालय ।
श्रीमान् महानिर्देशकज्यु, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।
श्रीमान् प्रमुखज्यू, चिकित्सा सेवा महाशाखा, स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री मध्यमाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशकज्यू, हेटौंडा ।

डा. भीम आचार्य
(निर्देशक)

पचली टेकु, काठमाडौं नेपाल, फोन नं.: ०१४२६१४३६ फ्याक्स: ०१४२६२२६८
Email: ewarsedcd@gmail.com Web: www.edcd.gov.np